# तेजगंगा बहुमुखी क्याम्पस

पनौती ८, कपालकोट, काभ्रे

# क्याम्पस संचालन नियमाबली

## २०५७

(दोस्रो संशोधन २०७० सहित)

## प्रस्तावनाः

क्याम्पसका प्रमुख एबम् सन्चालक समितिकी सदस्य सचिब अम्बु भवानी कार्कीले आफ्ना स्वर्गीय बाबु श्री तेजप्रतापसिं कार्की र आमा श्री गंगा कुमारी कार्कीको नामाकरणका लागि रु। १५,१०,००० प्रदान गरी तेजगंगा महाबिद्यालय (बहुमुखी क्याम्पस) प्रस्ताब गरी जनसहभागितामा सन्चालित मुनाफारहित सामुदायीक क्याम्पसका रुपमा उच्च शिक्षा प्राप्त गर्न चाहने बिद्यार्थीहरुलाई सर्बसुलभ र गुणस्तरयुक्त शिक्षा प्रदान गर्ने उद्धेश्यले त्रिभुवन बिश्वबिद्यालयबाट सम्बन्धन लिई २०५७ मा क्याम्पसको स्थापना भएकोले बिश्वबिद्यालयले पव्लिक क्याम्पसहरुका लागि अख्तियार गरेको ढाँचा अनुसार क्याम्पस संचालन प्रकृयालाई व्यबस्थित गर्न नेपाल पव्लिक क्याम्पस संघबाट सामुदायिक क्याम्पस सन्चालनका लागि प्रस्ताबित नियमावलीको आदर्श मुताबिक परिमार्जन तथा अध्याबधिक गरी यो नियमावली बनाई लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

### १.संक्षिप्त नाम र प्रारम्भ

क) यस नियमावलीको नाम “तेजगंगा बहुमुखी क्याम्पस, क्याम्पस सन्चालन नियमावली : २०५७” रहनेछ ।

ख) यो नियमावली क्याम्पस सभाद्वारा पारित गरेको मितिदेखि लागु हुनेछ ।

### २.परिभाषा

बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

क) “ऐन” भन्नाले सम्बन्धन दिने बिश्वबिद्यालय सम्बन्धी ऐन भन्ने सम्झनु पर्नेछ ।

ख) “बिनियम” भन्नाले यस नियम अन्तर्गत निर्माण गरिने बिनियमहरुलाई सम्झनु पर्नेछ ।

घ) “नीति निर्देशिका” भन्नाले यस बिनियम अनुसार बिकसित नीति निर्देशिका (एयष्अिथ नगष्मभष्लिभ) लाई सम्झनु पर्नेछ ।

ङ) “क्याम्पस” भन्नाले यस नियम अनुसार स्थापित तेजगंगा बहुमुखी क्याम्पसलाई सम्झनु पर्नेछ ।

च) “क्याम्पस सभा” भन्नाले क्याम्पसको साधारणसभालाई सम्झनु पर्नेछ ।

छ) “संचालक समिति” भन्नाले तेजगंगा बहुमुखी क्याम्पसको संचालक समितिलाई सम्झनु पर्नेछ ।

ज) “अध्यक्ष” भन्नाले संचालक समितिको अध्यक्षलाई सम्झनु पर्नेछ ।

झ) “संरक्षक समिति” भन्नाले क्याम्पसको स्थापना र बिकासका लागि बिषेश योगदान पुर्‍याउने संस्थापक तथा बिशिष्ट महानुभाबहरुलाई सम्झनु पर्नेछ ।

ञ) “सल्लाहकार समिति” भन्नाले क्याम्पसको व्यबस्थित संचालनका लागि योगदान पुर्‍याउन संचालक समितिद्धारा गठित प्राज्ञ तथा सहयोगी व्यक्तिहरुको समुहलाई सम्झनु पर्नेछ ।

ट) “संस्थापक सदस्य” भन्नाले क्याम्पस स्थापनाका लागि लगिपर्ने शिक्षा प्रेमी महानुभावहरुलाई बुझाउने छ ।

ठ) “सदस्य” भन्नाले सन्चालक समितिको सदस्य भन्ने बुझनु पर्नेछ ।

ड) “क्याम्पस प्रमुख” भन्नाले नियमानुसार नियुक्त क्याम्पसको क्याम्पस प्रमुखलाई सम्झनु पर्नेछ ।

ढ) “प्राध्यापक” भन्नाले क्याम्पसमा आध्यापन गर्ने प्राध्यापक, सह-प्राध्यापक, उप-प्राध्यापक, सहायक प्राध्यापक, शिक्षण सहायक, प्रशिक्षक तथा उप-प्रशिक्षक समेतलाई जनाउनेछ ।

ण) “कर्मचारी” भन्नाले क्याम्पसको शिक्षण बाहेकको कार्यको लागि नियुक्त जुनसुकै पदका लागि स्थायी, अस्थायी, करार र आँशिक कर्मचारीलाई जनाउँनेछ ।

त) “बिद्यार्थी” भन्नाले क्याम्पसमा नियमित अध्ययनरत छात्र-छात्राहरुलाई जनाउँनेछ ।

**३. क्याम्पसको नाम, छाप र अबस्थिति**

क) यस क्याम्पसको नाम “तेजगंगा बहुमुखी क्याम्पस” रहनेछ ।

ख) यस क्याम्पसको छाप अनुसूची १ मा उल्लेख गरिए अनुसारको हुनेछ ।

ग) यो क्याम्पस पनौती नगरपालिका, वडा नं. ८, कपाल्कोट, काभ्रे मा अबस्थित रहनेछ ।

**४.उद्धेश्य**

क) न्यूनतम शुल्कमा सर्बसुलभ ढंगले गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

ख) अनुशासित, मर्यादित र प्रशिक्षित दक्ष जनशक्ति उत्पादन गर्ने ।

ग) अनुसन्धान तथा खोजमुलक कार्यमा जोड दिई प्राज्ञिक उन्नयन गर्ने ।

घ) सम्बन्धन दिने बिश्वबिद्यालय र उच्च शिक्षाको व्यबस्थापनका लागि जिम्मेवार निकायको नीति लाई स्थानीय परिबेसका आधारमा कार्यान्वयन गर्ने ।

## परिच्छेद २

## क्याम्पस सभा

### ५.१ सदस्यता र सदस्यताको प्रकार

क) यो क्याम्पस नितान्त सामुदायिक रुपमा सन्चालन हुनेछ ।

ख) क्याम्पस सन्चालनका लागि सन्चालक समितिको अपरिहार्यता भएको हुनाले सन्चालक समितिको सामुदायिक चयनका लागि क्याम्पस सभाको व्यबस्था गरिएको कारण क्याम्पस सभा गठनका निम्ति बिशिष्ट, संस्थापक, साधारणर पदेन गरी ४ प्रकारका सदस्यहरु बिद्यमान रहने व्यबस्था गरिएको छ ।

**ग) सदस्यको परिभाषा :**

सदस्यको परिभाषा निम्नानुसार हुनेछ :-

१) **बिशिष्ट सदस्य :** क्याम्पसका लागि बिशेष योगदान पुर्‍याउने व्यक्ति तथा संस्थालाई योगदानका आधारमा सन्चालक समितिले निर्णय गरी बिशिष्ठ सदस्यता प्रदान गर्न सक्नेछ ।

२) **संस्थापक सदस्य :** स्थापना अबधिमा क्याम्पस सन्चालनका निम्ति प्रत्यक्षरुपबाट संलग्न भएका सन्चालक सदस्यहरु क्याम्पसका संस्थापक सदस्यमा दर्ज गरिनेछन् ।

३) **साधारण सदस्य :** क्याम्पस सन्चालनका लागि स्वयमसेबी माध्यमबाट सहयोग पुर्‍याउन सक्षम र ईच्छुक व्यक्तिहरुलाई उनीहरुको सम्भाव्यता (Potential) र क्याम्पसको आवश्यताका आधारमा क्याम्पसको साधारण सदस्यता प्रदान गरिनेछ ।

४) **पदेन सदस्य :** क्याम्पसको सुसन्चालनका लागि अत्यावश्यकीय प्रत्यक्ष सहयोगी संस्थाहरुका प्रतिनिधिहरुलाई औचित्य एबम् अनिबार्यताका आधारमा सन्चालक समितिले पदेन सदस्यको संख्या एकीन गरी पदेन सदस्य तोक्न सक्नेछ । पदेन सदस्यहरुलाई सम्मानित सदस्यको रुपमा लिईनेछ तर नीजहरुको मताधिकार हुनेछैन ।

**घ) सदस्यको पदाबधिः** बिशिष्ठ र संस्थापक सदस्यलाई आजीबन सदस्यको रुपमा व्यबहार गरिनेछ । साधारण सदस्यको पदाबधि साधारणतयाः २ बर्षको हुनेछ तर योगदानको आधारमा नीजहरुको कार्य अबधि पुनः अन्य अबधिहरुका लागि सन्चालक समितिले थप गर्न सक्नेछ ।

ङ०) प्रत्येक सदस्यहरुको अभिलेख क्याम्पसले तोकेको ढाँचामा राखिनेछ ।

### ५.२ क्याम्पस सभाको गठन

क) व्यापक जनसहभागिता जुटाउन, सामुदायिकीकरणको मर्म अनुसार सन्चालन गर्न, लोकतान्त्रिक मुल्य मान्यता अनुरुप अगाडि बढ्न, क्याम्पसलाई सक्षम बनाई सुव्यबस्थित तरीकाले सन्चालन, सम्बर्धन र संरक्षणका साथै आवश्यक नियन्त्रण, निर्देशन गर्नका निम्ति क्याम्पसको सर्बोच्च अंगको रुपमा क्याम्पस सभा रहनेछ ।

ख) क्याम्पस सभा सन्चालक समितिका पदाधिकारी एवम् सदस्यहरु, संरक्षक समिति तथा सल्लाहकार समितिका सदस्यहरु, क्याम्पस सभा, संरक्षक समिति, सल्लाहकार समिति र सन्चालक समितिका पूर्ब पदाधिकारी तथा सदस्हरु, पूर्ब क्याम्पस प्रमुखहरु, सम्बन्धित क्षेत्रका निर्बाचित सांसद,संस्थापक सदस्यहरु, साधारण, आजीवन र बिशिष्ट सदस्यहरु, प्राध्यापक, कर्मचारी र बिद्यार्थी प्रतिनिधिहरु, र क्याम्पसले शिक्षासेवी र अन्य सहयोगीहरु मध्येबाट मनोनित गरेका महानुभाबहरुलाईसमाबेस गरी गठन हुनेछ ।

ग) क्याम्पस संचालक समितिको अध्यक्षले क्याम्पस सभाको अध्यक्षता गर्नेछन् ।

### ५.३ क्याम्पस सभाको काम, कर्तव्य र अधिकार

१) क्याम्पसको उद्धेश्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने, गराउने ।

२) क्याम्पस संचालक समितिको निर्बाचन गर्ने ।

३) क्याम्पसको शैक्षिक, आर्थिक, भौतिक आदि पक्षको बिकासमा मार्गदर्शकको भूमिका निर्बाह गर्ने ।

४) क्याम्पसको बिकासमा दीर्घकालीन योजना अनुमोदन गर्ने तथा दीर्घकालीन सोच बनाउने ।

५) सन्चालक समितिलाई आवश्यक परामर्श दिने ।

### ५.४ क्याम्पस सभाको बैठक

यस सभाको बैठक हरेक ३ बर्षमा सन्चालक समितिले तोकेको स्थान, मिति र समयमा बस्नेछ । तर एक तिहाई सभासदहरुले अध्यक्ष समक्ष लिखित माग गरेमा अध्यक्षले १ महिना भित्र क्याम्पस सभाको बिशेष बैठक बोलाउनु पर्नेछ । तर सभासदको संख्या १०० भन्दा कम भएमा हरेक बर्ष क्याम्पस सभा परिषदको रुपमा बैठक बस्नेछ ।

### ५.५ क्याम्पस सभाको बैठक गणपुरक संख्या

क्याम्पससभाको बैठकको गणपुरक संख्या पहिलो, दोस्रो र तेस्रो पटकका लागि क्रमशः ५१ प्रतिशत, एक तिहाई र उपस्थित संख्या पर्याप्त हुनेछ । बैठकको निर्णय सर्बसम्मत वा बहुमतबाट हुने र अध्यक्षले निर्णायक मत मात्र प्रयोग गर्न सक्नेछन् ।

## परिच्छेद ३

## संरक्षक, सल्लाहकार र सन्चालक समिति

**६.१ संरक्षक समिति :**

क) क्याम्पसको स्थापना र बिकासको लागि बिशेष योगदान पुर्‍याउने ब्यक्तित्वहरुको कदर स्वरुप एक संरक्षक समितिको गठन हुनेछ र समितिमा अति बिशिष्ट संरक्षक, बिशिष्ट संरक्षक र संरक्षक गरी ३ किसिमका सदस्यहरु रहनेछन् ।

ख) संरक्षक समितिले क्याम्पस स्थापनाको औचित्यलाई दृष्टिगत गरी क्याम्सको बिकास, संरक्षण र अस्थित्व सम्बर्धनका लागि सन्चालक समितिलाई सघाउने छ ।

ग) क्याम्पसलाई रु १ लाख सम्म सहयोग गर्ने शिक्षा प्रेमीहरु संरक्षक समितिमा समाबेस गरिनेछन् ।

**६.२ सल्लाहकार समिति :**

क) क्याम्पस सन्चालक समितिलाई आवश्यक सरसल्लाह र सुझाव दिनका लागि आवश्यक परेमा सन्चालक समितिले एक सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

ख) बुद्धिजीबिहरु, समाजसेवीहरु, प्राध्यापकहरु, अबिभावकहरु र अन्य गन्यमान्य तथा महाबिद्यालयलाई अगाडि बढाउन योगदान दिने व्यक्तिहरु सल्लाहकार समितिमा रहनेछन् । सल्लाहाकार समितिको कार्य अबधि सन्चालक समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

**६.३ सन्चालक समिति गठन**

क) क्याम्पस सन्चालक समितिमा बढिमा १७ जनासम्म पदाधिकारी र सदस्यहरु रहनेछन् । क्याम्पस सभाले आफुमध्येबाट पदेन सदस्य र पदाधिकारी बाहेकका संचालक समितिको सदस्य निर्बाचित गर्नेछ । आवश्यकतानुसार संचालक समितिको निर्बाचित तथा पदेन सदस्य संख्या संचालक समितिले तोक्नेछ । संचालक समितिको गठन निम्न आधारमा निम्नानुसार हुनेछः ।

१) क्याम्पस सभाका सदस्यहरु मध्येबाट ६ जना

२) निबर्तमान अध्यक्ष पदेन सदस्य १ जना

३) सम्बन्धन दिने बिश्वबिद्यालयको प्रतिनिधि १ जना

४) पब्लिक क्या. प्रा. संघ, ईकाई समितिको अध्यक्ष १ जना

५) स्थानीय निकायको जनप्रतिनिधि १ जना

६) निबर्तमान क्याम्पस प्रमुख १ जना

७) शिक्षाप्रेमी, सहयोगदाता, संस्थापक, सन्चालक समितिबाट मनोनित ५ जना

८) स्वतन्त्र विद्यार्थी यूनियन/ विद्यार्थी काउन्सिल प्रतिनिधि १ जना (आमन्त्रित सदश्य )

९) क्याम्पस प्रमुख-सदस्य सचिव १ जना

ख) क्याम्पस सन्चालक समितिको बैठकले निर्बाचित सदस्यहरु र निबर्तमान अध्यक्षहरु मध्येबाट अध्यक्ष चयन गर्नेछ । क्याम्पसको आवश्यकता अनुसार सन्चालक समितिले निर्बाचित सदस्यहरु मध्येबाट उपाध्यक्ष चयन गर्न सक्ने छ ।

### ६.४ संचालक समितिको पदाबधि::

संचालक समितिको पदाबधि ३ बर्षको हुनेछ ।

### ६.५ संचालक समितिको काम, कर्तव्य र अधिकारः

क) सम्बन्धन दिने बिश्वबिद्यालयको निर्देशन पालन गर्ने ।

ख) क्याम्पस प्रमुखको नियुक्ति गर्ने र सेवा  आयोग/पदपुर्ति समिति मार्फत सिफारिस भईआएका प्राध्यापक-कर्मचारीहरुको स्तर निर्धारण गर्ने तथा स्थायी/अस्थायी नियुक्ति दिने ।

ग) क्याम्पसको ब्यबस्थापन र सन्चालनको सम्पुर्ण कर्तब्य र अधिकार बहन गर्ने ।

घ) क्याम्पसको नियमित निरीक्षण गर्नुको साथै स्तरीय शैक्षिक बातावरण तयार गर्ने ।

ङ) क्याम्पसको निर्णय कार्यान्वयन गर्ने गराउने ।

च) क्याम्पस सभामा प्रस्तुत गरिने कार्यक्रम, आय-ब्ययको बिबरण, प्रगति बिबरण, लेखापरीक्षण र अन्य प्रस्ताबहरु क्याम्पस सभामा प्रस्तुत गर्ने ।

छ) क्याम्पसको सम्पुर्ण कोष, चलअचल सम्पतिको ब्यबस्था तथा संरक्षण गर्ने । आवश्यक परेमा बढिमा ५ सदस्यीय आर्थिक समिति गठन गर्ने ।

ज) प्राध्यापकहरु तथा कर्मचारीहरुलाई पुरस्कृत गर्ने तथा  नसिहत दिने ।

झ) यस नियमको सीमा भित्र रही क्याम्पस सन्चालनका निम्ति आवश्यक नीति निर्धारण गर्ने, बिनियम बनाउने र कार्यान्वयन गर्ने गराउने ।

ञ) आफुमा निहित अधिकारहरु मध्ये  नियमित रुपमा क्याम्पसको शैक्षिक तथा प्रशासनिक कार्य सन्चालनको लागि आवश्यक अधिकार उपसमिति, पदपुर्ति समिति, सेवा आयोग र क्याम्पस प्रमुखलाई प्रत्यायोजन गर्ने ।

ट) हरेक ३ महिनाको आर्थिक प्रतिबेदन क्याम्पस प्रमुखबाट पेश गर्नलगाई पारदर्शिता कायम गर्ने ।

ठ) बर्षको एक पटक क्याम्पसको सामाजिक लेखापरीक्षण (क्यअष्बी बामष्त) गर्न‡ गराउने ।

ड) आन्तरिक लेखापरीक्षण समिति गठन गरी अर्धबार्षिक आन्तरिक लेखापरीक्षण गराई क्याम्पस प्रमुख र लेखा शाखालाई आवश्यक निर्देशन दिने ।

**६.६ संचालक समितिको बैठक र कार्यबिधि :**

क) क्याम्पस सन्चालक समितिको बैठक कम्तिमा ३ महिनामा एक पटक बस्नेछ तर आवश्यक परेमा जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ ।

ख) सदस्य सचिवले अध्यक्षको अनुमति लिई सामान्यतयाः ३ दिनको पुर्ब सुचना दिई बैठक बोलाउनेछन् तर बिशेष परिस्थितिमा सो अबधि कम हुन सक्नेछ ।

ग) बैठकको अध्यक्षता समितिका अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्ष र दुबैको अनुपस्थितिमा उपस्थित जेष्ठ सदस्ले बैठकको अध्यक्षता गर्नेछन् ।

घ) समितिको बैठकमा छलफल भएका बिषय र निर्णय स्पष्ट रुपमा निर्णय पुस्तिकामा लेखी उपस्थित सदस्यहरुको हस्ताक्षर गराई राख्नु पर्नेछ ।

ङ) कुल सदस्यको ५१ प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिने छ र बैठकको निर्णय साधारण बहुमतद्धारा गरिनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछन् ।

च) नियमित बैठक नबोलाएमा वा हुन नसकेमा संचालक समितिका सम्पुर्ण सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरुले लिखित रुपमा बैठको माग गरेमा अध्यक्षले सो माग गरेको ७ दिनभित्र बैठक बोलाउनु पर्नेछ र सो समय भित्र पनि बैठक नबोलाएमा सदस्य सचिवले बैठक बोलाउने छन् ।

**६.७ अध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) सन्चालक समितिको बैठकको अध्यक्षता गर्ने र मत बराबर भएमा निर्णायक मत दिने ।

ख) सन्चालक समितिको बैठक बोलाउन सदस्य सचिवलाई निर्देशन दिने ।

ग) क्याम्पस सभा र सन्चालक समितिद्वारा गरिएका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।

घ) क्याम्पस प्रमुखको लगातार ७ दिनभन्दा बढीको काज एवम् बिदाको स्वीकृत गर्ने ।

ङ) यस नियमावली भित्र रही क्याम्पसको हितका लागि अन्य कार्य गर्ने ।

च) क्याम्पस ब्यबस्थापन र सन्चालनका लागि क्याम्पस प्रमुखलाई आवश्यक निर्देशन दिने ।

**६.८ उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

ख) अध्यक्षको काममा सहयोग पुर्‍याउने ।

ग) अध्यक्ष र सन्चालक समितिले उपाध्यक्षले गर्नु भनी तोकिएका कार्यहरु गर्ने ।

**६.९ सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्ष र सन्चालक समितिको निर्देशन र निर्णय सुची तयार गर्ने ।

ख) बार्षिक कार्यक्रम र अर्धबार्षिक प्रगति तयार पारी सन्चालक समितिमा पेश गर्ने ।

ग) बैठकको निर्णय पुस्तिका राख्ने र निर्णयहरुको कार्यान्वयन गर्ने ।

**६.१० सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

क) क्याम्पसको हितको निमित्त रचनात्मक धारण राखी तदानुसार सुझावहरु दिने ।

ख) क्याम्पस सभा र सन्चालक समितिमा भएका निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।

ग) अध्यक्ष र सन्चालक समितिले तोकेको अन्य कार्य गर्ने ।

घ) संचालक समितिको बैठकका बिषयहरुमा सक्रिय एवम् रचनात्मक तवरले सहभागी हुने ।

**६.११ पद रिक्तता :**

सन्चालक समितिका पदाधिकारी तथा सदस्यहरुको पद देहायको अबस्थामा रिक्त हुनेछ ।

क) आफ्नो पदबाट लिखित राजिनामा दिई सन्चालक समितिबाट स्वीकृत भएमा ।

ख) क्याम्पसको हित बिपरित कार्य गरेको प्रमाणित भएमा ।

ग) समितिको बैठकमा लगातार ३ पटक सम्म बिना सुचना अनुपस्थित रहेमा ।

घ) नैतिक पतन देखिने फौज्दारी अभियोगमा सजाँए पाएमा ।

ङ) पदाबधि पूरा भएमा ।

च) सदस्य/पदाधिकारीको मृत्यु भएमा ।

छ) अबिश्वासको प्रस्ताव दर्ता भई क्याम्पस सभाका दुई तिहाई सदस्यले पारित गरेमा । अबिश्वासको प्रस्ताब दर्ता गर्न क्याम्पस सभाका एक तिहाई सदस्यले हस्ताक्षर गरेको हुनु पर्नेछ ।

## परिच्छेद ४

## क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, कार्यक्रम संयोजक र बिभागीय प्रमुख

**७.१ क्याम्पस प्रमुख**

क) स्थायी, शैक्षिक नेतृत्व बहन गर्न सक्ने ब्यक्ति क्याम्पस प्रमुखमा नियुक्ति गर्न सकिनेछ ।

ख) क्याम्पस प्रमुख प्रशासकीय तथा शैक्षिक पदाधिकारी हुनेछ । निजको पदावधि ४ बर्षको हुनेछ । सन्चालक समितिले निजको पदाबधि कार्य सम्पादनका आधारमा पुनः थप गर्न सक्नेछ ।

ग) क्याम्पस प्रमुख पुरा समय काम गर्ने बैतनिक पदाधिकारी हुनेछ ।

घ) क्याम्पस प्रमुखको योग्यता तथा सुबिधा आदि सम्बन्धित बिनियमहरुमा ब्यबस्था गरिए अनुसार हुनेछ ।

**७.२ क्याम्पस प्रमुखको व्यबस्था तथा काम, कर्तव्य र अधिकार :**

क) क्याम्पसको शैक्षिक, आर्थिक र प्रशासनको जिम्मेवारी लिई कार्य संचालन गर्ने ।

ख) सेवा, शर्त र आचारसंहिता बिपरित हुनेगरी काम गर्ने शिक्षक तथा कर्मचारीलाई नियमानुसार कारबाहीको प्रकृया अगाडि बढाउने ।

ग) शिक्षक तथा कर्मचारीको बिदा स्वीकृत गर्नु, कार्य बिभाजन गर्नु, सेवाको अभिलेख राख्नु तथा कार्य सम्पादनको मुल्यांकन गर्नु ।

घ) क्याम्पस सन्चालक समितिमा शिक्षक, कर्मचारीको दरबन्दी सिफारिस गर्ने र राय सुझाव पेश गर्ने ।

ङ) क्याम्पसको बार्षिक बजेट तयार गरी आर्थिक समिति मार्फत क्याम्पस सन्चालक समिति समक्ष पेश गर्ने ।

च) हरेक ३ महिनामा क्याम्पसको आर्थिक बिबरण क्याम्पस सन्चालक समितिमा पेश गर्ने ।

छ) क्याम्पस सभा र सन्चालक समितिको निर्णय कार्यान्वियन गर्ने, गराउने ।

ज) क्याम्पसमा कुनै कार्य नगरी नहुने आकस्मिक अबस्था आई परेमा अध्यक्षसंग समन्वय गरी आवश्यक देखेको उचित काम कारबाही गर्ने र सन्चालक समितिबाट अनुमोदन गराउने ।

झ) क्याम्पस प्रमुख उपस्थित हुन नसकेको अबस्थामा सहायक क्याम्पस प्रमुखलाई र सो नभएमा बरिष्ठताका आधारमा अन्य शिक्षकलाई निमित्त भई काम गर्न तोक्ने ।

**७.३ सहायक क्याम्पस प्रमुखको व्यबस्था तथा काम, कर्तव्य र अधिकार :**

क) स्थायी, शैक्षिक नेतृत्व बहन गर्नसक्ने सहायक क्याम्पस प्रमुख हुनेछ । तर सन्चालक समितिले क्याम्पसको शैक्षिक तथा प्रशासनिक भारलाई ध्यानमा राखेर औचित्यको आधारमा मात्र सहायक क्याम्पस प्रमुखको ब्यबस्थागरी नियुक्ति गर्न सक्नेछ ।

ख) सहायक क्याम्पस प्रमुखको पदाबधि सामान्यतयाः २ बर्षको हुनेछ । सन्चालक समितिले निजको पदाबधि कार्य सम्पादनका आधारमा पुनः थप गर्न सक्नेछ ।

ग) क्याम्पस प्रमुखको कार्य सम्पादनमा सहयोग र सहायता दिने ।

घ) क्याम्पस प्रमुखले तोकेको अन्य कार्य गर्ने ।

ङ) यस नियमावलीमा उल्लेखित र समितिले तोकेको अन्य कार्य गर्ने ।

च) क्याम्पस प्रमुख उपस्थित हुन नसकेको अबस्थामा क्याम्पस प्रमुखले तोके बमोजिम निमित्त भई काम गर्ने ।

**७.४ कार्यक्रम संयोजक :**

क्याम्पसमा संचालित संकाय, तहगत वा समयगत कार्यक्रमहरुको व्यबस्थापनका लागि कार्यक्रम संयोजक नियुक्ति गर्न सकिनेछ । अन्य अबस्था शैक्षिक प्रशाासन बिनियममा ब्यबस्था भए बमोजिम हुनेछ ।

**७.५ शिक्षण बिभाग तथा बिभागीय प्रमुख**

यस सम्बन्धमाशैक्षिक प्रशासन नियमावलीमा ब्यबस्था भए बमोजिम हुनेछ ।

## परिच्छेद ५

## आचारसंहिता

**८.१ संचालक समितिको आचारसंहिता :**

क) क्याम्पसको बिकास र हितलाई सर्बोपरी प्राथमिकता दिनु पर्नेछ ।

ख) संस्थागत कार्यमा ब्यक्तिगत हित हुनेगरी कार्य गर्न पाईनेछैन ।

ग) क्याम्पसको हित बिपरित कार्य गर्न र गोपनियता भंग गर्न गराउन पाईनेछैन ।

घ) क्याम्पसको नियमावली र नियमहरुको पालना गर्नुपर्ने छ ।

**८.२ शिक्षक र कर्मचारी आचरण सम्बन्धी व्यबस्था :**

क) क्याम्पसको बिकास र हितलाई प्राध्यापक र कर्मचारीले सर्बोपरी प्राथमिकता दिनुपर्नेछ ।

ख) क्याम्पसमा आईपरेका समस्या समाधानमा क्याम्पस प्रमुखलाई सबै प्राध्यापक र कर्मचारीले सहयोग गर्नु पर्नेछ ।

ग) क्याम्पसमा भएका काम कारबाही आदिका बारेमा गोपनियता राख्नु पर्नेछ ।

घ) क्याम्पस भित्र आफ्नो आचरण तथा नैतिकता शुद्ध राखी पबित्र भावनाले अभिप्रेरित भई काम गर्नुपर्नेछ ।

ङ) आफुलाई तोकिएको कार्यभारको उत्तरदायित्व बहन गर्नु सम्पुर्ण शिक्षक तथा कर्मचारीहरुको कर्तव्य हुनेछ ।

**८.३ बिद्यार्थी आचारसंहिता**

क) क्याम्पसका बिद्यार्थीहरुको आचारसंहिता शैक्षिक प्रशासन बिनियममा उल्लेख भएबमोजिम हुनेछ ।

ख) आचारसंहिता पालना गराउने काम क्याम्पस प्रशासनको हुनेछ ।

## परिच्छेद ६

## कोष संचालन र लेखा परीक्षण

९.१ क्याम्पसका सबै प्रकारको आम्दानीलाई व्याज आर्जन हुने वा नहुने गरी स्थानीय बाणिज्य बैंकमा खाता खोली कारोबार संचालन गरिनेछ।

९.२ क्याम्पसले सबै प्रकारका आम्दानीहरु अध्यक्ष र क्याम्पस प्रमुखको संयुक्त दस्तखतबाट संचालन गरिने नियन्त्रित खातामा जम्मा गरी कार्य संचालन खाताहरुमा आवश्यकतानुसार रकमान्तर गरी कार्य सन्चालन खाताबाट मात्र आर्थिक कारोबार गरिनेछ।

९.३ क्याम्पसको सम्पूर्ण आर्थिक कारोबार, निर्माण एवम् खरीद ब्यबस्था, लिलाम प्रकृया र लेखा परीक्षण आदि आर्थिक प्रशासन बिनियममा ब्यबस्था भएअनुसार हुनेछ।

## परिच्छेद७

## प्राध्यापक संघ, कर्मचारी संघ र स्वतन्त्र बिद्यार्थी युनियन

**१०.१ प्राध्यापक संघ :**

क्याम्पसमा कार्यरत प्राध्यापकहरुको पेशागत हक र हितको निमित्त एक क्याम्पस प्राध्यापक संघ गठन गर्न सकिनेछ। यस सम्बन्धी अन्य व्यबस्था सम्बन्धित प्राध्यापक संघको बिधान अनुसार हुनेछ

**१०.२ कर्मचारी संघ :**

क्याम्पसमा कार्यरत कर्मचारीहरुको पेशागत हक र हितको निमित्त एक क्याम्पस कर्मचारी संघ गठन गर्न सकिनेछ। यस सम्बन्धी अन्य व्यबस्था सम्बन्धित कर्मचारी संघको बिधान अनुसार हुनेछ

**१०.३ स्वतन्त्र बिद्यार्थी युनियन :**

क्याम्पसमा नियमितरुपमा अध्ययनरत बिद्यार्थीहरुको एक स्वतन्त्र बिद्यार्थी युनियन गठन गर्न सकिने छ। स्वतन्त्र बिद्यार्थी युनियन गठन सम्बन्धी बिनियम सम्बन्धन दिने बिश्वबिद्यालयको बिनियमको आधारमा क्याम्पसले छुट्टै बिनियम वा निर्देशिकाको व्यबस्था गर्नेछ।

## परिच्छेदः ८

## बिबिध

### ११.१ नियमावली संशोधन

परिबर्तित सन्दर्भमा क्याम्पसको सु-सन्चालन जारी राख्न र सम्बन्धन दिने बिश्वबिद्यालय तथा सम्बन्धित शैक्षिक निकायको बाध्यात्मक निर्देशन पालना गर्न प्रचलित कानुनसंग नबाझिने गरी क्याम्पस सन्चालक समितिले नियमावली संशोधन प्रस्ताब पेश गर्न सक्नेछ । क्याम्पस सभाको बैठकमा छलफल भै पारित भएपछि मात्र उक्त संशोधन लागु हुनेछ । तर बिशेष परिस्थितिबस क्याम्पस सभाको बैठक तत्काल बस्न नसक्ने भएमा संचालक समितिले सम्बन्धन दिने बिश्वबिद्यालयको परामर्श लिई क्याम्पस सभाको पछिल्लो बैठकबाट अनुमोदन गराउने गरी नियमावली संशोधन गरी लागु गर्न सक्नेछ ।

### ११.२ बिनियम तथा कार्यविधि निर्माण तथा संशोधन :

क्याम्पस नियमावलीसंग नबाझिने गरी क्याम्पस सन्चालक समितिले शैक्षिक प्रशासन, आर्थिक प्रशासन, शिक्षक-कर्मचारी सेवा बिनियम र अन्य आवश्यकता अनुसारको बिनियम तथा कार्यबिधि बनाई लागु गर्न सक्नेछ ।

### ११.३ प्रचलित कानुन अनुसार हुने :

यस नियमका कुनैपनि बुँदाहरु नेपालको प्रचलित कानुनसंग बाझिएमा बाझिएका हदसम्म स्वतः खारेज हुनेछन् ।

### ११.४ नियमावलीको व्यख्याता :

यस नियमावलीमा उल्लेख्य बुँदाहरु परस्पर बाझिने भएमा वा दोहरो अर्थ लाग्ने भएमा त्यसको अर्थ सन्चालक समितिले व्याख्या गरेअनुसार हुनेछ ।

### ११.५ बाधा अड्काउ फुकाउ :

क्याम्पस नियमावलीमा उल्लेख नभएका बिषयमा कुनै बाधा अड्काउ आईपरेमा क्याम्पस सन्चालक समितिले निर्णय गरे बमोजिम हुनेछ ।

### ११.६ बिघटन पछि सम्पतिको स्वामित्व :

क्याम्पस सन्चालन हुन नसकी बन्द भएमा यस क्याम्पसको चलअचल सम्पति नेपाल सरकार वा क्याम्पसलाई सम्बन्धन दिने (सार्बजनिक) बिश्वबिद्यालयको स्वामित्वमा जानेछ ।